बैठक संख्या: ५

मिति: २०८१/०७/११ गते,आईतबार

**मिति २०८१/०७/११ गतेको गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | चौथो गाउँकार्यपालिका बैठकको समिक्षा सम्बन्धमा । | आ.व २०८१/०८२ को चौथो गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| (२) | बिभिन्न योजना तथा कार्यक्रमहरु बिधुतीय माध्यमबाट खरिद प्रकृया अगाडी बढाउने सम्वन्धमा। | • शिर्पगैरा मुनडाँडा चुँजाठाटी मो.वा<br>• देउराली थाम सोलहाल्ना मो वा<br>• औषधी खरिद<br>• सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड व्यवस्थापन । | |
| (३) | शाखा व्यवस्थापन सम्वन्धमा । | • मल्लरानी गाउँपालिका र जिल्ला समन्वय समितिको कार्यालय विच भएको सम्झौता वमोजिम जिल्ला समन्वय समितिको कार्यालयमा व्यवस्थापन गरिएको भवनमा शाखाहरु व्यवस्थापन गर्ने । | |
| (४) | फोहोरमैला व्यवस्थापन सम्वन्धमा। | • मल्लरानी गाउँपालिकामा फोहोरमैला व्यवस्थापनको लागि गाडी भाडामा लिन सूचना प्रकाशन गर्ने । | |
| (५) | वेरुजु फछ्र्यौट सम्वन्धमा। | • आ.व. २०७९/०८० र ०८०/०८१ को अन्तिम लेखा परिक्षणबाट औंल्याईएको वेरुजु फछ्र्यौट प्रकृया अघि वढाउने। | |
| (६) | विविध विषयहरु । | • प्रशासकीय भवन निर्माण गर्ने स्थल नजिकको जग्गा मल्लरानी गाउँपालिकाको नाममा रजिष्ट्रेशन पास गर्ने ।<br>• ५ नं वडा कार्यालयमा कार्यालय सहयोगी सुत्केरी विदामा रहनु भएकोले दैनिक ज्यालादारिमा कार्यालय सहयोगी व्यवस्थापन गर्ने ।<br>• व्याकहोलोडर सहायक अपरेटर व्यवस्थापन गर्ने ।<br>• अन्य विविध विषयहरु | |

गीर बहादुर रेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: ५
मिति: २०८१/०७/११ गते,आईतवार

निर्णयहरु:

१. आ.व २०८१/०८२ को चौथो बैठक गाउँकार्यपालिका बैठकको समिक्षा गरियो। कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयनको लागि विषयगत शाखा तथा वडाहरुमा पत्राचार गर्ने ।

२. विभिन्न योजना तथा कार्यक्रमहरु विद्युतीय माध्यमबाट खरिद प्रकृया अगाडी बढाउने सम्बन्धमा।

- शिर्मेगैरा मुनडाँडा चुँजाठाटी मो.बा.
- देउराली धाम सोलहाल्ना मो. बा.
- औषधी खरिद
- सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड व्यवस्थापन ।

३. मल्लरानी गाउँपालिका र जिल्ला समन्वय समितिको कार्यालय विच भएको सम्झौता वमोजिम जिल्ला समन्वय समितिको कार्यालयमा व्यवस्थापन गरिएको भवनमा तपसिलका शाखाहरु र कर्मचारी व्यवस्थापन गर्ने ।

| क्र सं | शाखाको नाम/पद | कर्मचारीको विवरण | कैफियत |
|---|---|---|---|
| १. | कृषि शाखा | मोती आचार्य, विपिन आचार्य | |
| २. | पशु सेवा शाखा | बावुराम न्यौपाने, वशुदेव श्रेष्ठ | |
| ३. | स्वास्थ्य शाखा | पारश शाही, वेनिसरा थापा, कविता शर्मा | |
| ४. | शिक्षा शाखा | ठाकुर प्रसाद आचार्य | |
| ५. | महिला वालवालिका र उद्यम विकास शाखा | रेवती न्यौपाने, फुलमाया वि.क. | |
| ६. | पन्जिकरण शाखा, नापी ईकाई | ऋषिकेश खनाल, सन्तोष थपालिया | |
| ७. | दर्ता चलानी | दिपा गिरी | |
| ८. | कार्यालय सहयोगी | दामोदर वोहरा, सरिता भण्डारी | |

४. मल्लरानी गाउँपालिकाको बजार क्षेत्रको फोहोर मैला व्यवस्थापनका लागि मल्लरानी गाउँपालिका ४ स्थित भैरमडाँडा क्षेत्र छनोट गर्ने साथै फोहोरमैला व्यवस्थापनका लागि गाडी भाडामा लिन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

गीर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: ५

मिति: २०८१/०७/११ गते,आईतवार

५. यस मल्लरानी गाउँपालिकामा शिक्षा शाखा तर्फ शिक्षक तलब भत्ता अनुदान शिर्षकमा रहेको बेरुजु सम्परिक्षण सम्बन्धमा शिक्षा नियमावली २०५९ को अनुसूची १२ अनुसार यस मल्लरानी गाउँपालिकामा गाउँसभा मार्फत अल्या र आन्तरिक श्रोतको बाजेट व्यवस्था गरि बजेट स्वीकृत गरि केही विद्यालयहरुमा अपुग शिक्षक पदपूर्ती गर्न गाउँपालिका अनुदान शिक्षकको व्यवस्था गरिएको र सोही बमोजिम पठन पाठन सूचारु गर्दै आएकोमा आ.ब. २०७९/०८० को वार्षिक लेखा परिक्षण प्रतिवेदन अनुसार नियमित गर्नुपर्ने बेरुजु रु. १४८७१५४५/- (अक्षरुपी एक करोड अठ्चालिस लाख एकहत्तर हजार पाँच सय पैंतालिस रुपैंया) रहेको र यसले सरकारी हानी नोक्सानी नभएको भनी सभाले नियमित गरेको छ र नियमावलीको अनुसूची १२ अनुसार दरवन्दी बमोजिम शिक्षकको व्यवस्था नभएकोले शिक्षक व्यवस्था गरिएकोले उक्त बेरुजुलाई नियमित गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने।

मल्लरानी गाउँपालिकाको आ.ब. २०८०/०८१ को अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका बेरुजु फछ्यौंटको लागि प्रकृया अगाडी बढाउने।

६. विविध विषयहरु:

- यस मल्लरानी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने स्थल नजिकको मल्लरानी गाउँपालिका वडा नं ४ निवासी श्री कृष्ण बहादुर कसाईको नाममा रहेको कित्ता नं ४२५ को क्षेत्रफल ०,०३७५.०० बाट क्षेत्रफल ०,०२२८.०० पश्चिम उत्तर तर्फको र कित्ता नं ४२७ को क्षेत्रफल ०,०७१९.०० बाट क्षेत्रफल ०,००५०.०० कित्ता नं ४२६ देखि पूर्व दक्षिण कुना तर्फको जग्गा मल्लरानी गाउँपालिकाको नाममा रजिष्ट्रेशन पास गर्न आवश्यक प्रकृया अगाडी बढाउने।
- मल्लरानी गाउँपालिका वडा नं ५ मा कार्यालय सहयोगी सुत्केरी विदामा रहनु भएको र वडा कार्यालयवाट कार्यालय सहयोगी व्यवस्थापन गर्नुपर्ने भनि निवेदन पेश भएकोले विनोद शाहीलाई दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने।
- मल्लरानी गाउँपालिकामा व्याक्होलोडर सञ्चालनको लागि सहायक अपरेटरको पदपूर्ती गरिएकोमा घरायसी समस्याका कारण राजिनामा दिएको र हाल व्यक्होलोडर सञ्चालनका लागि अपरेटरबाट मात्र कार्य सञ्चालनमा असहज भएको र कामकाज समयमै सम्पन्न गर्न नसकिएकाले सहायक अपरेटर पदको वैंकल्पिक उम्मेद्वार श्री सागर थापा लाई दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने।
- मल्लरानी गाउँपालिकाको आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रममा पशु सेवा शाखा र कृषि शाखामा विनियोजित बजेट शिर्षकहरु बाखाको श्रोत केन्द्र स्थापना, अदुवा बेसार पकेट कार्यक्रम, पशु स्वास्थ्य शिविर र बाली उपचार शिविर कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन गरि प्रकृया अघि बढाउने।

गीर बहादुर रेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: ५

मिति: २०८१/०७/११ गते,आईतवार

- स्थानीय पूर्वाधार विभाग, झोलुङ्गेपुल शाखाको च.नं ९५ मिति २०८१/०७/०८ गतेको पत्रानुसार यस मल्लरानी गाउँपालिकाका विभिन्न वडाहरुमा प्राथमिकताका आधारमा तपसिल वमोजिमका स्थानमा झोलुङ्गे पुल माग गर्ने।

तपसिल:

| क्र सं | जिल्ला | पालिका | वडा नं | स्थान | खोलाको नाम | झो.पुको नाम | अनुमानित लम्वाई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्यूठान | मल्लरानी गा पा | ४ | झाक्रिस्थान | कात्रेखोला | कात्रेखोला झाँक्रिस्थान झो.पु | ६० मी. | आवत जावत |
| २. | प्यूठान | मल्लरानी गा पा | ५ | धुँदी जोत्रे | झिमरुक खोला | धुँदी जोत्रे झो पु | १५० मी. | |
| ३. | प्यूठान | मल्लरानी गा पा | ३ | बुढदेवी बन्चरे | धनुवास खोला | बुढदेवी बन्चरे झोपु | ६० मी. | |
| ४. | प्यूठान | मल्लरानी गा पा | २ | झगिबरारुख | छापेखोला | झागिबरारुख ऐरावती झो पु | ११५ मी. | |
| ५. | प्यूठान | मल्लरानी गा पा | ३ | जेमुरेफेंदी देखी ट्रान्समिटर | छापेखोला | जेमुरेफेंदी-ट्रान्समिटर झोपु | ९० मी | |
| ६. | प्यूठान | मल्लरानी गा पा | २ | हडा बान्द्रेभिर | चुँजा खोला | हडा- बान्द्रेभिर झो पु | ५० मी. | |
| ७. | प्यूठान | मल्लरानी गा पा | १ | चुँदरीखोला | चुँदरीखोला | चुँदरीखोला झो पु | ७० मी. | |

- मल्लरानी गाउँपालिका तपसिलका वडाहरुमा भौगोलिक विकटता र यातायातको असुविधालाई मध्यनजर गर्दै वडा मार्फत दिईने सेवा मिति २०८१ मंसिर १ गते देखी लागु हुने गरी घुम्ती सेवा मार्फत उपलब्ध गराउने।

| वडा | सेवा प्रवाह हुने स्थान | सेवा प्रवाह हुने दिन |
|---|---|---|
| १ नं वडा कार्यालय चुँजा | सोलहाल्ना | सोमबार |
| ५ नं वडा कार्यालय कुमिकोट | शरङ्कोट | सोमबार |

उल्लेखित दिनमा हुने सेवा प्रवाहको सम्बन्धमा सम्बन्धित वडा कार्यालयले सूचना प्रकाशन गरि समुदायस्तरमा जानकारी गराउने।

CamScanner

बैठक संख्याः ५

मितिः २०८१/०७/११ गते,आईतवार

- मल्लरानी गाउँपलिकाको आ.ब. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा वडा नं ४ मा बिनियोजित बजेट शिर्षक युवा खेलकुद निर्माण लाई युवा खेलकुद कार्यक्रममा शिर्षक परिवर्तन गर्ने।
- मल्लरानी गाउँपालिकाको दलित शसक्तिकरण ऐन निर्माणको लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने

  उपाध्यक्ष श्री रमेश कुमार श्रेष्ठ — संयोजक

  सदस्य श्री सुर्य बहादुर सार्की — सदस्य

  सदस्य श्री तेजमान दमाई — सदस्य

  सदस्य श्री सुमित्रा वि.क. — सदस्य

  सदस्य श्री उजेली वि.क. — सदस्य

  स.म.वि.नी श्री रेवती न्यौपाने — सदस्य सचिव

- आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत लक्षित वर्ग तर्फ सञ्चालन हुने कार्यक्रमहरुको कार्यक्रम सञ्चालन कार्ययोजना स्वीकृत गर्ने।
- हाँक साप्ताहिकमा सन्देशमूलक सूचना/विज्ञापन/शुभकामना प्रकाशन वापतको रकम रु. १००००/- अक्षरुपी दश हजार मात्र उपलब्ध गराउने।
- प्यूठान न पा को आयोजनामा सञ्चालन भएको जिल्ला स्तरीय क्रिकेट प्रतियोगितामा मल्लरानी गाउँपालिकाबाट सहभागी टिमलाई रु. १००००/- अक्षरुपी दश हजार मात्र विविध खर्च शिर्षकबाट भुक्तानी दिने।
- मल्लरानी गाउँपालिका वडा नं ४ स्थित महेन्द्र मा वि मा हालसालं निर्माण भएको ४ कोठे भवनमा रङ्गरोगन र विद्युतीकरणको लागि प्राप्त लागत अनुमान बमोजिम रकम सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकवाट उपलव्ध गराउने।
- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी मोनलाल श्रेष्ठको आर्थिक अवस्था कमजोर भएको कारण घरमा खान, छोराछोरी पढाउन समेत असहज भएकोले आर्थिक सहयोग स्वरुप रु ५ हजार रुपैयाँ उपलव्ध गराउने ।

गीर बहादुर सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत